# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र


गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या: ८ मिति: २०८०/०४/०१


## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८० सालको ऐन नं.२**

# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

## विनियोजन ऐन

गौमुखी गाउँपालिका, प्युठान को आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८०।३।१८

**प्रस्तावना :** गौमुखी गाउँपालिका, प्युठान २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम गौमुखी गाउँपालिका, प्युठानको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "गौमुखी गाउँपालिका, प्युठानको विनियोजन ऐन, २०८० " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८०/८१को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४५,८०,८८,७१८.०० (अक्षेरुपी रुपैयाँ पैतालिस करोड असी लाख अठासी हजार सात सय अठार मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१को निमित्त गौमुखी गाउँपालिका, प्युठानको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

9/8/23, 10:52 AM

SuTRA ::

# गौमुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

आ.व. : २०८०/८१

### बजेट उपशीर्षक अनुसार बजट बिनियोजन

रु. हजारमा

| क्र.सं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | ८०५५५५०२१०१ | गौमुखी गाउँपालिका | १,२१,०३८.७१ | ७९,०५०.७१ | ४१,९५०.०० | ३८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | ८०५५५५०२२०१ | गौमुखी गाउँपालिकावडा नं.१ | ४,७००.०० | १००.०० | ४,६००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | ८०५५५५०२२०२ | गौमुखी गाउँपालिकावडा नं.२ | ४,७००.०० | १००.०० | ४,६००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | ८०५५५५०२२०३ | गौमुखी गाउँपालिकावडा नं.३ | ५,६००.०० | १००.०० | ५,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | ८०५५५५०२२०४ | गौमुखी गाउँपालिकावडा नं.४ | ५,६००.०० | १००.०० | ५,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | ८०५५५५०२२०५ | गौमुखी गाउँपालिकावडा नं.५ | ४,७००.०० | १००.०० | ४,६००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ७ | ८०५५५५०२२०६ | गौमुखी गाउँपालिकावडा नं.६ | ४,७००.०० | १००.०० | ४,६००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ८ | ८०५५५५०२२०७ | गौमुखी गाउँपालिकावडा नं.७ | ४,७००.०० | १००.०० | ४,६००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ९ | ८०५५५५०२३०१ | गौमुखी गाउँपालिका - शिक्षा | २६,०००.०० | २५,७५०.०० | २५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १० | ८०५५५५०२३०२ | गौमुखी गाउँपालिका - स्वास्थ्य | ८,०००.०० | ६,७००.०० | १,३००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | ८०५५५५०२३०३ | गौमुखी गाउँपालिका - कृषि | ६,०००.०० | ०.०० | ६,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १२ | ८०५५५५०२३०४ | गौमुखी गाउँपालिका – पशु | ४,०००.०० | ०.०० | ४,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १३ | ८०५५५५०२३०६ | गौमुखी गाउँपालिका – महिला तथा बालवालिका | ४,०००.०० | ०.०० | ४,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १४ | ८०५५५५०२३०७ | न्यायीक समिति कार्यक्रम खर्च | २,०००.०० | २,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १५ | ८०५५५५०२५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २,०६,२००.०० | ०.०० | २,०६,२००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १६ | ८०५५५५०२५१२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ८,०००.०० | ०.०० | ८,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १७ | ८०५५५५०२५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | १०,०००.०० | ३,६००.०० | ५,०००.०० | १,४००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १८ | ८०५५५५०२५२१ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ८,१५०.०० | ०.०० | ०.०० | ८,१५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १९ | ८०५५५५०२५२३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | २०,०००.०० | २,५००.०० | २,५००.०० | १५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | जम्मा | ४,५८,०८८.७१ | १,२०,३००.७१ | ३,१३,२००.०० | २४,५८८.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

प्रमुख प्रशासकीय अधिकृत